# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख २५ गते २०४८ साल (अतिरिक्ताङ्क ५ (क)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

### श्री ५ को आदेश प्रमाणित गर्ने नियमावली, २०४८

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ को उपधारा (५) बमोजिम श्री ५ बाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "श्री ५ को आदेश प्रमाणित गर्ने नियमावली, २०४८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा "श्री ५ को आदेश" भन्नाले श्री ५ बाट गरिबक्सने कामका सम्बन्धमा निकालिने आदेश, निर्णय वा अरू अधिकारपत्रलाई जनाउँछ ।

३. श्री ५ को नाममा हुने कार्यकारिणी कामः नेपाल अधिराज्यको संविधान, २०४७ र तत्काल प्रचलित अन्य कानून समेत बमोजिम श्री ५ बाट गरिबक्सनु पर्ने काम मौसूफको नाममा हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्री ५ को आदेश प्रमाणित गर्ने अधिकारीः (१) नियम ३ अनुसार श्री ५ को नाममा हुने काममा मौसूफबाट बक्सेको आदेश उप-नियम (२) को अधीनमा रही प्रमुख राजदरबार पदाधिकारी वा उप-प्रमुख राजदरबार पदाधिकारी, प्रमुख राजदरबार समारोह प्रबन्धक वा राजदरबार समारोह उप-प्रबन्धक, प्रमुख सैनिक सचिव वा सैनिक सचिव, प्रमुख सचिव वा सचिव, प्रमुख निजी सचिव वा निजी सचिव तथा प्रमुख सम्वाद सचिव वा सम्वाद सचिवद्वारा प्रमाणित गरिनेछ ।

तर–

(क) राजपरिषद्को बैठक बोलाउने सम्बन्धमा श्री ५ को आदेश राजपरिषद्का सचिवद्वारा प्रमाणित हुन सक्नेछ,

(ख) श्री ५ को आदेश प्रमाणित गर्ने पदाधिकारीले लेखी पठाएको श्री ५ को आदेश प्राप्त भएपछि संसदको अधिवेशन आव्हान गर्ने संसदको दुवै वा कुनै सदनको अधिवेशनको अन्त गर्ने, प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको बखतमा प्रतिनिधिसभाको अधिवेशन वा बैठक बोलाउने, संसदको कुनै बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिबक्सन सदस्यहरूको उपस्थिति समादेश गर्ने तथा प्रतिनिधिसभा विघटन गर्ने सम्बन्धमा श्री ५ को आदेश संसदको महासचिव, प्रतिनिधिसभाको सचिव वा राष्ट्रिय सभाको सचिवद्वारा प्रमाणित हुन सक्नेछ ।

(२) लालमोहर ऐन बमोजिम प्रमाणित हुनुपर्ने श्री ५ को आदेशका हकमा सोही ऐन बमोजिम हुनेछ।

५. खारेजी श्री ५ को आदेश प्रमाणित गर्ने नियम, २०१९ खारेज गरिएको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६